**प्रदेश सरकार**

# आन्तरिक मामिला तथा कानुन मन्त्रालय

**कोशी प्रदेश, विराटनगर**

बिषय :- बाढी पहिरो सम्बन्धी विवरण।

| सि.नं. | जिल्ला | घटना शिर्षक | मिति / समय | घटनाको बिवरण | कै. |
|---|---|---|---|---|---|
| १ | उदयपुर | लेदोपसी १वटा सुगुर बगाएको। | मिति २०८०।०३।१९ गते अं.०५:०० बजेको समयमा | जिल्ला उदयपुर रौतामाई गा.पा. ७ पुवारे रायमाझी टोल स्थित खहरे खोलामा बाढी आई ऐ.ऐ. वस्ने टेक बहादुर सार्कीको अं. ११/१२ कठ्ठा खेतमा उक्त खोलामा पानी सगै आएको लेदोमाटो पसेको र ऐ.बस्ने राम बहादुर सार्कीको खोरमा रहेको १ वटा बंगुर (अ.६० के.जि.) समेत बगाएकोले खो.त. भईरहेको मानविय क्षति नभएको उक्त घट्ना सम्बन्धमा ऐ.०:९:३०बजे प्रहरी चौकी सुकौरा उदयपुरमा टे.फो. मार्फत जानकारी प्राप्त पश्चात उक्त स्थान तर्फ प्रहरी टोली खटि गएको सो स्थान प्रहरी चौकी सुकौरा उदयपुरबाट अं. ४ कि.मि.पश्चिम उत्तर पर्ने। | |
| २ | खोटाङ | वडाकार्यालय मा पानिले क्षती | मिति २०८०।०३।१८ गते | जिल्ला खोटाङ ऐसेलुखर्क गा.पा. वडा नं.-२ बाकाचोल स्थितमा रहेको वडाको ढुङगा माटो र टिनको छानो भएको एक तले कार्यालय भवन राति परेको अबिरल बर्षाको कारणले क्षति भएको भन्ने खबर आज मिति २०८०।०३।१९ गते अ. १३:००बजेको समयमा जानकारी ई.प्र.का ऐशेलुखर्कमा प्राप्त हुन साथ ई.प्र.का ऐशेलुखर्कबाट प्र.स.नि.खरेन्द्र राईको कमाण्डमा प्रहरीको टोलि खटि गई बुझदा उक्त वडा कार्यालयको दक्षिण र पश्चिम पट्टिको पर्खालको मुनिको माटो भासिन गई पर्खाल समेत चर्कि भवन पुर्ण रुपमा जिर्ण भई कार्यालय संचालन गर्न असुरक्षित रहेको उक्त घटनास्थल ई.प्र.का ऐशेलुखर्कबाट पैदल अ.३ घण्टा उत्तर पुर्व पर्ने अन्य बिबि पछि। | |
| ३ | पाचथर | गोठलड्दा क्षती | मिति-२०८०।०३।१८ गते | जिल्ला पाँचथर हिलिहाङ गा.पा वडा नं. -१ चुच्चे ढुङगा बस्ने कर्ण ब. बस्नेतको ढुङ्गा माटो र खरको छानो भएको भएको २ तल्ले गोठ ऐ.१९ गते दिनको १४:०० बजे अचानक लड्दा उक्त गोठमा बाँधिएको १ ओटा बाछोको मृत्यु भएकोभनि ईप्रका अमरपुर पाँचथरमा ऐ.१५:३० बजे जानकारी प्राप्त हुनसाथ तत्काल प्रनानि राजन खड्काको कमाण्डमा प्रहरी टोली खटिगएको,अ.मु.रु.२,७५,०००।-(दुई लाख पचत्तरहजार)बराबरको क्षति भएको र मानबिय क्षति नभएको,उक्त स्थान ईप्रका अमरपुर पाँचथरबाट-२ कि.मि उत्तर पर्ने। | |

आन्तरिक मामिला तथा कानुन मन्त्रालय कोशी प्रदेश

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | भोजपुर | पहिरो जादा घर जोखिम | मिति २०८०।०३।१९ गते अं.१०;३० बजेको समयमा | जिल्ला भोजपुर आमचोक गा.पा.-१० पाङ्चा बस्ने बर्ष अं.३४ की सुमिना राईको खेत बारीबाट पहिरो गई घर जोखिम अवस्थामा छ भन्ने खवर ऐ. १४;०० बजेको समयमा ऐ. वडाका वडा अध्यक्षले टे.फो. मार्फत ईप्रका बालंखा भोजपुरमा जनकारी गराउन साथ तत्काल प्रसनि बाल कुमार नेवारको कमाण्डमा ३ जनाको टोली खटी गई हेर्दा निज सुमिना राईको ढुङ्गा सिमेन्ट र टिनको छानो भएको २ तल्ले घर र सोही घरको छेउमा रहेको ढुङ्गा माटो र टिनको छानो भएको १ तल्ले भान्छा घर देखी अ. २० मिटर तल खेत वारी बाट पहिरो गई दुईवटै घरको बरण्डा झरी दुई वटै घरको अन्य भाग जोखिम अवस्थामा रहेको अन्य मानबिय तथा चौपाय क्षति नरहेको , उक्त दुईवटै घरको अं.मु.रु. ५,०५,००० बराबरको क्षती भएको र निजको ४ जना परिवार तथा सर-समान सहित ऐ.ऐ. बस्ने छिमेकी सिताराम खतिवडाको घरमा सुरक्षित साथ बसिरहेको उक्त स्थान ईप्रका बालंखाभोजपुरबाट अं. १० कि.मि. पुर्व दक्षिण पर्ने। | |
| ५ | झापा | करेन्टलागी मृतु | मिति २०८०।०३।१९ गते अ.१४:१५ बजेको समयमा | जि.झापा दमक - ८ बस्ने बर्ष ४० को पदम ब.भुजेल ऐ.स्थित रहेको रातेहोलीमा करेन्ट लगाई माछा मार्ने क्रममा अचानक करेन्ट लागी घाईतेभई उपचारको लागी ऐ.१४:३० बजे लाईफ लाईन अस्पताल दमकमा ल्याई उपचार भई रहेकोमा ऐ.१४:४० बजे उपचारको क्रममा मृत्यु भएको भन्ने जानकारी ईप्रका दमकमा प्राप्त हुना साथ आवश्यक अनुसन्धान तथा कानुनी प्रकृयाको लागी ईप्रका दमक बाट प्र.नि. सहितको टोली खटिएको उक्त स्थान ईप्रका दमक बाट अ. १.५ किमि पश्चिम दक्षिण पर्ने,अन्य विवि पछि। थप विवरणः ऐ. १६;०० बजे कानुनी प्रकृया पुरा गरी लास पो.मा. को लागि दमक अस्पतालको शवगृहमा राखिएको। | |
| ६ | झापा | हात्ती आई क्षेती | मिति २०८०।३।१९ गते अं. ००:३५ बजेको समयमा | जिल्ला झापा अर्जुनधारा न.पा. २ स्थित बेल्टारमा अं. १०।१२ वटा जंगली हात्ती आई क्षेती पुर्‍याएको छ भन्ने स्थानिय जनप्रतिनिधिले ऐ.०९:०० बजेको समयमा अ.प्र.चौ.खुदुनाबारीमा जानकारी गराउन साथ तत्काल प्रसनिको टोली खटी गई बुझ्दा निम्न मानिसहरुको निम्नानुसारको क्षेती भएको मानबिय तथा चौपाया क्षेती नभएको, उक्त स्थान अप्रचौ खुदुनाबारीबाट अं.४ कि.मि.उत्तर पर्ने।<br>निम्न:-<br>१) जिल्ला झापा अर्जुनधारा न.पा. २ बस्ने खड्ग खत्रीको काठको खम्बा बाँसको सेन्टर बेरा भएको घरको पुर्ब पट्टीको कोठाको र किचनको सेन्टर बेरा भत्काई कोठामा भएको धान १५ मन र तोरी ५० के.जी खाई अं. २७,५००।- बराबरको क्षेती गरेको।<br>२) ऐ.ऐ.बस्ने सिल्ली प्रसाद प्रधानको खाना बनाउने किचनको पक्की वाल पुर्ब र उत्तरको भाग भत्काई अं.मु.रु.१५,०००।– बराबरको क्षेती भएको।<br>३) ऐ.ऐ.बस्ने प्रम राईको बाँसको सेन्टर बेराले बनेको घरको पुर्ब पट्टीको सेन्टरबेरा भत्काई कोठामा हरेको २ मन मकै र ७० के.जी. चामल खाई अं. मु.रु. ८,०००।– बराबरको क्षेती भएको।<br>४) ऐ.ऐ.बस्ने दिपेद्र रेग्मीको बाँसको बेरा भएको किचनको पुर्ब पट्टीको बेरा भत्काई अं.मू.रु. ७,०००।- बराबरको क्षेती भएको।<br>५) ऐ.ऐ.बस्ने भिम बास्तोलाको ३० के.जी.धानको बिऊमा क्षेती गरीअं. मु.रु. ४,०००।– बराबरकोक्षेती भएको। जम्मा अं. मु.रु. ६१,५०० बराबरको क्षेती भएको। | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | पाचथर | बाढीले क्षती | मिति २०८०।३।१९ गते बिहान ०४०० बजेको समयमा | जिल्ला पाचँथर तुम्बेवा गापा २ नावाखोलास्थितमा अबिरल बर्षाको कारण आएको बाढीले धरानबाट पाँचथरको यासोकतर्फ आउदै गरेको बा१क ५११२ नं.को ट्रिपर अचानक खोलामा फसिई आधा भाग पुरिएको र सोहि ट्रिपरमा रहेको २६ ड्रम डिजेल ( प्रति ड्रम २२० लि. रहेको जम्मा ५७२० लिटर) बराबरको बगाई लगेको भन्ने खबर ऐ.०६;०० बजे ट्रिपर चालकले अप्रपो नावाखोलामा जानकारी गराउन साथ प्रसनि राजकुमार श्रेष्ठको टोली खटिगएको, ट्रिपर चालक जिल्ला दोलखा जिरी नपा ८ बस्ने बर्ष २४ को अमृत श्रेष्ठ उक्त स्थानमा नै रहेको मानवीय क्षति नभएको, उक्त स्थान अप्रपो नावाखोलाबाट २ किलोमिटर दक्षिण पर्ने,ईप्रका मौवाबाट१५ किमि पुर्व पर्ने ।थपअपडेटः- ऐ. अ. १४:०० बजे उक्त गाडी खोलाबाट निकाली सुरक्षित स्थानमा ल्याई राखिएको तत्काल चल्न नसक्ने, खोलाले बगाएको २६ ओटा ड्रम मध्ये ५ ओटा ड्रम तमोर नदिको किनारमा स्थानियले फेला पारि सम्बन्धीत धनिलाई बुझाएको। | |
| ८ | सुनसरी | आगलागी | मिति २०८०।०३।१९गते अ १२००बजेको समयमा | जिल्ला सुनसरी ईनरुवा न.पा.-४ बस्ने मुकेश मण्डलको जय काली स-मिलमा केकुन कारण आगलागी हुँदा काठ् बिजुली तारहरू जली अ.मु.४५०००।- बराबरको क्षति भएको उक्त आगलागी स्थानिय बासी को सक्रियतामा ऐ.०३:००पुर्ण रुपमा नियन्त्रणमा आएको भनि ऐ.०७:३० बजे यस कार्यालयमा जानकारी हुन साथ यस कार्यालय बाट प्रहरी टोली खटी गई बुझ्ने कार्य भइरहेको उक्त स्थान जिप्रका सुनसरी बाट अं.१ किमि पश्चिम पर्ने । | |
| ९ | ओखलढुङ्गा | आगलागी | मिति २०८०।०३।१९ गते बिहान राती के कुन समयमा | जिल्ला ओखलढुंगा सिद्दिचरण नगरपालिका ०८ जरङ्गे बस्ने प्रेम बहादुर तामाङको घर भन्दा अंदाजि ८०० मिटर पश्चिममा रहेको टिनको छाना,वेरा भएको गोठमा के कुन कारण आगोलागी भएको भन्ने खबर निज प्रेम बहादुर तामाङ्ले बिहान अंदाजि ०८:०० बजेको समयमा गोठमा रहेका गोरु र बाख्राहरुलाई घाँस दिन जाँने क्रममा देखी स्थानिय बासीलाई बोलाई आगो नियन्त्रणमा लिए पश्चात ऐ. ०८:३० बजेको समयमा जिल्ला प्रहरी कार्यालय ओखलढुंगामा जानकारी गराउनासाथ अप्रपोष्ट मिलनचोक बाट प्रबह समेतको प्रहरी टोली घटनास्थलमा खटि गएको, उक्त आगो बाट गोठमा रहेका ३ वटा खसी, ५ वटा बाख्रा जली मृत अबस्थामा रहेको र २ वटा बहर गोरु घाईते अबस्थामा रहेको, आगोलागी बाट अंदाजि मू.रु.४,६०,०००।– ( चार लाख साठ्ठी हजार) बराबरको क्षती भएको, घटनास्थल जिल्ला प्रहरी कार्यालय ओखलढुंगा बाट अंदाजि ४ कि.मि. पश्चिम पर्ने मानबिय क्षेति नभएको | |